# नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्म दिवस

[ नेपाली - Nepali - نيبالي ]

लेखकः अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मुहम्मद इदरीस सलफी

2015 - 1436

IslamHouse.com

# الاحتفال بالمولد النبوي

« باللغة النيبالية »

تأليف: عتيق الرحمن محمد إدريس خان مكي

المراجعة: محمد إدريس سلفي

2015 - 1436

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७-९७२७६४९२३८

९८१४४९९१४०

सउदी नं.००९६६५०१३७२२५४

□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

**Email- atiqkhannp1982@yahoo.com**

# प्रस्तावना

अलहम्दु लिल्लाहि नहमदुहु व नस्तईनुहु व नस्तगफिरहु व नऊजु बिल्लाहि मिन शुरूरि अनफुसिना व मिन सईयाति अअ्मालिना, मैँयहदिहिल्लाहु फलामुजिल्ला लहु व मैँयुजलिल्हु फला हादियालहु व अश्हदु अल्लाइलाहा इल्लल्लाहु व अश्हदु अन्ना मुहम्मदन् अब्दुहु व रसूलुहु । ( अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई सृष्टि गर्‍यो, र मानवलाई ज्ञान प्रदानगरी सर्वश्रेष्ठ जीवधारी बनायो । र अल्लाहको कृपा र शान्ति अवतरित होस् अल्लाहका समस्त दूतहरू माथि र विशेषगरी समस्त सन्देष्टाहरूको समापक अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि जहाँको अनुयायी हनुको हामीलाई गौरव प्राप्त छ । र शान्ति होस् उहाँका घरपरिवार र उहाँका मनोनीत साथीहरू माथि जहाँहरूले यस सर्वव्यापी धर्मलाई पूर्ण संसार सम्म पुर्‍याए, र अल्लाह उनीसित प्रसन्न भएर भन्यो कि तमीहरू जे मनपरे गर मतिमीहरूलाई माफ गरें । र शान्ति होस् उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र इस्लामको उन्नति र प्रगतिमा सहभागी भए, र मुहम्मदको

पद्धतिलाई उत्तम मानी उसैमाथि कार्यरतरही आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले हाम्रो देश नेपालका मुसलमानहरूद्वारा गरिने विदअतहरू मध्ये ईद मीलादुन्नबी अर्थात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको जन्म दिवस मनाउनेबारे केही महत्वपूर्ण कुराहरूको चर्चा कुरआन र सही हदीसहरूको प्रकाशमा गर्ने प्रयास गरेको छु, र यसको वैधानिक हुकुमको बारेमा स्पष्ट पार्ने प्रयास गरेको छु ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । यसर्थ अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०,९८१४४९९१४०**

**Mob.00977-9727649238,9814499140**

अल्लाहले यस संसारलाई उत्पन्न गरे पश्चात यसको बासीको रूपमा पहिला जिन्न (दानव) हरूलाई सृष्टि गर्‍यो, तर उनीहरूले यस सुन्दर संसारमा उपद्रव र रक्तपात गर्नथाले र अल्लाहले निर्धारित गरेका सीमाहरूको अतिक्रमण गर्नथाले, अनि अल्लाहले यस सुन्दर संसारको बासिन्दाको रूपमा मनुष्यलाई माटोबाट सृष्टि गर्ने मन बनायो, त फरिश्ताहरूले भने हे परम् पूज्य हामी तिम्रो स्तुतिको लागि प्रयाप्त छौं, तिमी किन यस्तो सृष्टि बनाउन लागेका छौ जुन दानव झैं रक्तपात गरोस् । त अल्लाहले भन्यो हे मेरा भक्तहरू तिमीलाई त्यो ज्ञान छैन जुन मलाई छ । अनि अल्लाहले आदमलाई एक मुठ्की माटोबाट सृष्टि गर्‍यो, र उनको शरीरबाट उनको श्रीमती हौवालाई बनायो, र यिनै दुवैबाट यस मानवजातिको अविष्कार गर्‍यो, र उनीलाई अनेकौं गोत्र र समूहमा विभाजित गरिदियो ताकि एक आर्कालाई चिन्न सकुन् । अल्लाहको फर्कान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنَّا خَلَقۡنَٰكُم مِّن ذَكَرٖ وَأُنثَىٰ وَجَعَلۡنَٰكُمۡ شُعُوبٗا وَقَبَآئِلَ لِتَعَارَفُوٓاْۚ إِنَّ أَكۡرَمَكُمۡ عِندَ ٱللَّهِ أَتۡقَىٰكُمۡۚ إِنَّ ٱللَّهَ عَلِيمٌ خَبِيرٞ ١٣ ﴾ الحجرات: ١٣

अर्थ : हे मानिसहरू ! हामीले तिमीहरू सबैलाई एउटै पुरुष र एउटी स्त्रीबाट सृष्टि गर्‍यौं र तिमीलाई जातविरादरी र कबिलाहरू (समूहरू) को रूप दियौं, ताकि तिमीले एक अर्कालाई चिन्न सक । (वास्तवमा) अल्लाहकहाँ तिमीमध्ये सर्वाधिक प्रतिष्ठित त्यो हो जो कि तिमीहरूमध्ये (अनुचित कर्मबाट) बढी भय गर्नेवाला हुन्छ । निश्चय नै अल्लाह सबै कुरा जान्दछ, ऊ सर्वज्ञ छ । ( सूरतुल् हुजुरात १३ )

र उनीहरूको लागि कुमार्ग र सुमार्ग स्पष्ट पारिदिया, र उनीहरूको लागि इस्लाम धर्मलाई रोज्यो, र त्यसलाई मुहम्मदद्वारा परिपूर्ण पनि गरिदियो । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ ٣ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना

अनुकम्पाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ । ( सूरतुल् माइदा ३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ وَمَا ٱخۡتَلَفَ ٱلَّذِينَ أُوتُواْ ٱلۡكِتَٰبَ إِلَّا مِنۢ بَعۡدِ مَا جَآءَهُمُ ٱلۡعِلۡمُ بَغۡيَۢا بَيۡنَهُمۡۗ وَمَن يَكۡفُرۡ بِـَٔايَٰتِ ٱللَّهِ فَإِنَّ ٱللَّهَ سَرِيعُ ٱلۡحِسَابِ ١٩ ﴾ آل عمران: ١٩

अर्थ : नि:सन्देह अल्लाहको नजिक इस्लाम नै ( साँचो) धर्म हो र अहले किताबले ज्ञान प्राप्त गरिसकेपछि आपसी रिस-रागको कारण विरोध गरेका हुन् र जुन मानिसले अल्लाहका आयातहरूलाई मानेनन्, अल्लाहले उसको शीघ्र हिसाब लिने छ । ( सूरतु आल् इम्रान १९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ وَهُوَ فِي ٱلۡأٓخِرَةِ مِنَ ٱلۡخَٰسِرِينَ ٨٥ ﴾ آل عمران: ٨٥

अर्थ : जुन मानिस इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन र उसले आखिरतमा घाटामा पर्ने मध्येको हुनेछ । ( सूरतु आले इम्रान ८५ )

र उनीहरूको लागि सुमार्ग र कुमार्गलाई स्पष्ट पार्ने क्रमलाई निरंतरता दिने उद्देश्यले आफ्नो सन्देष्टाहरूलाई पठाएर त्यसलाई नवीकरण गर्दै रह्यो, र यसै क्रममा सबै सन्देष्टाहरूको समापक हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई अन्तिम संविधान दिएर पठायो, जुन प्रलय सम्म बाँकी रहनेवाला छ । र यसको अनुशरण संसारका समस्त प्राणीहरू माथि अनिवार्य छ । अल्लाहको फर्मान छ :

﴿ قُلۡ أَطِيعُواْ ٱللَّهَ وَٱلرَّسُولَۖ فَإِن تَوَلَّوۡاْ فَإِنَّ ٱللَّهَ لَا يُحِبُّ ٱلۡكَٰفِرِينَ ٣٢ ﴾ آل عمران: ٣٢

अर्थ : भनिदिनु ! कि अल्लाह र रसूलको आदेश पालन गर । यदि मान्दैनन् भने अल्लाहले पनि काफिरहरूलाई प्रेम गर्दैन । ( सूरतु आले इम्रान ३२ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡۖ فَإِن تَنَٰزَعۡتُمۡ فِي شَيۡءٖ فَرُدُّوهُ إِلَى ٱللَّهِ وَٱلرَّسُولِ إِن كُنتُمۡ تُؤۡمِنُونَ بِٱللَّهِ وَٱلۡيَوۡمِ ٱلۡأٓخِرِۚ ذَٰلِكَ خَيۡرٞ وَأَحۡسَنُ تَأۡوِيلًا ٥٩ ﴾ النساء: ٥٩

अर्थ : हे मोमिनहरू ! अल्लाहको आदेश पालन गर र उसका रसूल(स.)का आदेशहरूको पालन गर र तिमीहरूमध्ये अधिकार भएकाहरूको । फेरि यदि तिमीहरूमा आपसी मतभेद भएको अवस्थामा, यदि तिमी अल्लाह र आखिरतको दिनमाथि ईमान राख्दछौ भने त्यस कुरालाई अल्लाह र त्यसका रसूल(स.) तिर फर्काई देऊ । यो साह्रै राम्रो कुरा हो र यसको परिणाम पनि राम्रो हुन्छ । (सूरतुन्निसा ५९)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَرَسُولَهُۥ وَلَا تَوَلَّوۡاْ عَنۡهُ وَأَنتُمۡ تَسۡمَعُونَ ٢٠ ﴾ الأنفال: ٢٠

अर्थ : हे ईमानवालहरू ! अल्लाहको र उसको रसूलको आदेश मान र त्यसबाट विमुख नहोऊ जबकि तिमी सुनी जानी राखेका छौ । ( सूरतुल् अन्फाल २० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ قُلۡ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَۖ فَإِن تَوَلَّوۡاْ فَإِنَّمَا عَلَيۡهِ مَا حُمِّلَ وَعَلَيۡكُم مَّا حُمِّلۡتُمۡۖ وَإِن تُطِيعُوهُ تَهۡتَدُواْۚ وَمَا عَلَى ٱلرَّسُولِ إِلَّا ٱلۡبَلَٰغُ ٱلۡمُبِينُ ٥٤ ﴾ النور: ٥٤

अर्थ : भनिदिनुस् कीः अल्लाहको आज्ञा पालन गर र रसूलको आदेशको अनुशरण गर । यदि तिमी विमुख हुन्छौ भने रसूलको जिम्मामा त्यति मात्र छ जति उहाँलाई भनिएको छ । र तिमीमाथि त्यसको जवाफदेही छ जुन तिम्रो जिम्मामा छ । र यदि रसूलको आदेश अनुसार हिंड्ने छौ भने सिधा मार्ग प्राप्त हुनेछ । र रसूलको जिम्मामा त स्पष्ट रूपले (आदेशलाई) पुऱ्याइदिने सम्म मात्र हो । ( सूरतुन्नूर ५४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓا۟ أَطِيعُوا۟ ٱللَّهَ وَأَطِيعُوا۟ ٱلرَّسُولَ وَلَا تُبْطِلُوٓا۟ أَعْمَٰلَكُمْ ﴾ ﴿٣٣﴾ محمد: ٣٣

अर्थ : हे ईमानवालाहरू ! अल्लाहको आज्ञापालन गर, र रसूलले भनेको मान र आफ्ना कर्महरूलाई नष्ट नपार । ( सूरतु मुहम्मद ३३ )

र अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अवज्ञा गर्ने व्यक्तिलाई नर्कमा हाल्ने चेतावनी पनि दिएको छ । अल्लाहको फर्मान छ :

﴿ وَمَن يُشَاقِقِ ٱلرَّسُولَ مِنۢ بَعۡدِ مَا تَبَيَّنَ لَهُ ٱلۡهُدَىٰ
وَيَتَّبِعۡ غَيۡرَ سَبِيلِ ٱلۡمُؤۡمِنِينَ نُوَلِّهِۦ مَا تَوَلَّىٰ وَنُصۡلِهِۦ جَهَنَّمَۖ
وَسَآءَتۡ مَصِيرًا ١١٥ ﴾ النساء: ١١٥

अर्थ : यदि कुनै मानिस सही बाटो थाहा पाइसकेपछि पनि रसूल (स.)को विरोध गर्दछ र अन्य मोमिनहरूको बाटो छाडि अन्य बाटोमा लाग्दछ भने हामीले त्यसलाई सोही बाटोमा छाडिदिन्छौं, र त्यसलाई जहन्नममा हाल्नेछौं र त्यो जानुपर्ने अति नै नराम्रो ठाउँ हो। ( सूरतुन्निसा ११५ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ إِنَّ ٱلَّذِينَ كَفَرُواْ وَصَدُّواْ عَن سَبِيلِ ٱللَّهِ وَشَآقُّواْ ٱلرَّسُولَ
مِنۢ بَعۡدِ مَا تَبَيَّنَ لَهُمُ ٱلۡهُدَىٰ لَن يَضُرُّواْ ٱللَّهَ شَيۡـًٔا وَسَيُحۡبِطُ
أَعۡمَٰلَهُمۡ ٣٢ ﴾ محمد: ٣٢

अर्थ : नि:सन्देह जुन मान्छेहरूले कुफ्र गरे र अल्लाको मार्गबाट मान्छेहरूलाई रोके र रसूलको विरोध गरे, जबकि उनीहरूमाथि सत्य स्पष्ट भइसकेको थियो उनी कहिल्यै पनि अल्लाहको केही बिगार गर्न सक्ने छैनन्। र शीघ्र

उनीहरूका कर्मलाई नष्ट गरिदिनेछ । ( सूरतु मुहम्मद ३२ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ لَّا تَجْعَلُوا۟ دُعَآءَ ٱلرَّسُولِ بَيْنَكُمْ كَدُعَآءِ بَعْضِكُم بَعْضًا ۚ قَدْ يَعْلَمُ ٱللَّهُ ٱلَّذِينَ يَتَسَلَّلُونَ مِنكُمْ لِوَاذًا ۚ فَلْيَحْذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنْ أَمْرِهِۦٓ أَن تُصِيبَهُمْ فِتْنَةٌ أَوْ يُصِيبَهُمْ عَذَابٌ أَلِيمٌ ﴿٦٣﴾ ﴾ النور: ٦٣

अर्थ : मोमिनहरू ! तिमीहरूले अल्लाहको रसूलले बोलाएकोलाई तिमी आपसमा एक अर्कालाई बोलाए जस्तो न ठान । नि:सन्देह अल्लाहलाई ती मानिसहरूबारे थाहा छ, जो तिमीहरूमध्ये आँखा छलेर बेवास्ता गरी गोप्य रूपले हिंडी हाल्छन्, हेर जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आइपरोस् अथवा उनीहरू माथि कुनै दु:खद् यातना आइलागोस् । ( सूरतुन्नूर ६३ )

र अल्लाहले उहाँको अनुशरण गर्नुलाई स्वयम् आफ्नो अनुशरण सरह गरिदियो । अल्लाहको फर्मान छ :

﴿ مَّن يُطِعِ ٱلرَّسُولَ فَقَدۡ أَطَاعَ ٱللَّهَۖ وَمَن تَوَلَّىٰ فَمَآ أَرۡسَلۡنَٰكَ عَلَيۡهِمۡ حَفِيظٗا ٨٠ ﴾ النساء: ٨٠

अर्थ : जुन मानिसले रसूल(सल्लल्लाहो अलैहे वसल्लम)को आज्ञा पालन गर्दछ, उसैले अल्लाहको आज्ञा पालन गरे सरह मानिन्छ र जसले आज्ञा उल्लंघन गर्दछन् र विमुख हुन्छन् हे पैगम्बर(स.) ! तपाईलाई यिनीहरू माथि रक्षक बनाई पठाइएको छैन । ( सूरतुन्निसा ८० )

र उहाँसित प्रेम गर्ने र उहाँको अनशरण गर्ने आदेश गऱ्यो र यो पनि स्पष्ट पारिदियो कि जसले पनि रसल सल्लल्लाहो अलैहे वसल्लमको अनशरण गर्छ त्यो अल्लाहसित प्रेम गरे सरह हुनेछ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ وَيَغۡفِرۡ لَكُمۡ ذُنُوبَكُمۡۚ وَٱللَّهُ غَفُورٞ رَّحِيمٞ ٣١ ﴾ آل عمران: ٣١

अर्थ : (हे पैगम्बर ! मानिसहरूसित) भनिदिनुस् कि यदि तिमी अल्लाहलाई प्रेम गर्दछौ भने मेरो अनुशरण गर, अल्लाहले तिमीलाई प्रेम गर्नेछ र तिम्रा पापहरूलाई क्षमा गरिदिनेछ र अल्लाह अत्यन्त क्षमादान गर्ने दयालु छ । ( सूरत आले इम्रान ३१ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " मेरो उम्मत (अनुयायीहरू) का समस्त मान्छेहरू स्वर्गमा जानेछन् इन्कारीहरू बाहेक, त उहाँसित प्रश्न गरियो कि हे अल्लाहका रसूल इन्कारीहरू को हुन् ? त उहाँले उत्तर दिए कि : जसले मेरो अनुशरण गरे तिनीहरू स्वर्गमा जानेवाला हुन् र जसले मेरो अवज्ञा गरे तिनी नै इन्कारीहरू हुने " । ( बुखारी )

त रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नुमा नै हामीहरूको लोक परलोकको भलाई नीहित छ, र उहाँको विरोध गर्नु मूर्खता हो र असफलताको मार्ग हो । अब विरोध चाहे कार्यले होस् वा कुराले र विचारधाराले वा अरु कुनै तरिकाले । अल्लाहको रसूलको फर्मान छ : " जसले हाम्रो यस निर्देशनमा (धर्ममा) कुनै नौलो कुरा अविष्कार गऱ्यो त त्यो अमान्य छ " । ( बुखारी, मुस्लिम )

र आर्को ठाउँमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ : " प्रत्येक बिदअत (नौलो अविष्कृत कुरा) पथभ्रष्टता हो, र प्रत्येक पथभ्रष्टता नर्क सम्म पुऱ्याउँछ " । ( मुस्लिम, नेसाई )

र बिदअतको घृणको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ जसले पथविचलित गर्नेवाला बिदअत अविष्कार गऱ्यो जसबाट अल्लाह र अल्लाहका रसूल राजी छैनन् त त्यसमाथि त्यसलाई गर्नेहरूको पाप पनि उस्तै लाग्ने छ जसरी गर्नेहरूलाई लाग्नेछ, र उनीहरूको पापको भारीमा यसबाट कुनै कमी हुनेछैन ” । ( तिर्मिजी )

तर वर्तमान युगमा मुस्लिम समाजमा अनेकौं विदअतहरू प्रचलित छन् जसमध्ये नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्मदिवस मनाउनु पनि हो, जसलाई नत स्वयम् रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाउनु भयो नत उहाँका सुमार्गीय सहाबाले मनाएका छन् ।

त यसै नवीनतम् बिदअतको बारेमा म यस किताबमा विस्तारले चर्चा गर्ने छु ताकि सत्य र असत्य कुरआन र हदीसको प्रकाशमा भिन्न र अलग भइजाओस्, र सुमार्गका इच्छुक मान्छेहरूको लागि सुमार्ग स्पष्ट भइहालोस्, र मूर्खहरूको मूर्खता प्रष्ट भइहालोस् ।

जन्म उत्सवलाई अरबी भाषामा मीलाद भनिन्छ, त अरबीमा मीलादे नब्वी सल्लल्लाहो अलैहे वसल्लमको अर्थ हुन्छः त्यो स्थान वा युगकाल

जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको जन्म भयो। र उहाँको जन्म मक्का शहरमा आज हरम स्थित भएको स्थानमा वा त्यसको गज्जातर्फको सेहन भएको स्थानमा भएको हो।

र मीलादको यो नै अर्थ हजरत अबूबक्र र उमर एवं उसमान र अली रजिअल्लाहो अन्हुम अज्मईनको शासनकालमा थियो तर पछि आएर यसलाई नौलो रंग दिइयो र यसलाई बिदअतको रूपमा परिणत गरियो जसको विवरण निम्नमा वर्णन गरिन्छ !

सर्वप्रथम यस घृणित बिदअतलाई अर्थात नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्मलाई दिवसको रूपमा आयोजित गर्नेवाला व्यक्ति अबू सईद कोकबुरुसी अबूल हसन अली सबुग्तगीन तुर्कमानी हो जसको उपनाम मलिक मुजफ्फरुद्दीन हो, त यसैले सन् ६०४ ईस्वी संवतमा यस उत्सवलाई मनायो, र यसलाई सलाहुद्दीनले अरबल नगरको गवर्नर बनाएका थिए। र यो राजा अति नराम्रो आचरणको थियो र भोगविलास र नाचगानलाई मनपराउँथ्यो। यसैकारण यसले यस उत्सवलाई अविष्कृत गरी यसको आरम्भ गऱ्यो ताकि आफ्नो हवसको आगोलाई निमाओस् र आफ्नो हृदयको

मनोकामना र इच्छालाई पूर्ण गरोस्, र यस उत्सवमा नाचगानको आयोजना गरियोस् । जस्तोकि अल्लामा सोयूतीले आफ्नो किताब **अल्हावी**मा यसको वर्णन गर्दै भन्नु भएको छ : मलिक मुजफ्फर जुनकि यस बिदअतको अविष्कारी हो ले यस उत्सवको अवसरमा एउटा भव्य समारोहको भोजको आयोजना गऱ्यो जसमा भोजको रूपमा पाँच हजार बाख्रा, दश हजार कुखुराहरू, र सय घोडाहरू, र एक लाख मक्खन र तीस हजार हलुवाको प्लेट भोजनको रूपमा तयार गराएको थियो । र सुफीहरूको लागि नाचगान र जिक्रको व्यवस्था गरेको थियो, जुन जोहरको समयदेखि फज्रको समयसम्म निरंतरताले प्रचलित थियो र त्यो आफू पनि नाच्नेहरूको साथमा नाचिररहेको थियो ।□

□ अल् हावी लेखकः इमाम सुयूती रहेमहुल्लाह ।

## रसूल सल्लल्लाहो अलैहे वसल्लमको जन्मदिवस मनाउनेहरूका केही निराधार प्रमाणहरू र त्यसको अनुसंधान

यस उत्सवलाई मनाउनेवालाहरू पाँचवटा प्रमाण प्रस्तुत गर्छन् जुन अति कम्जोर र दुर्वल छन् र जसलाई निम्नमा वर्णन गरिन्छ:

१- रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस उत्सवमा वार्षिक सम्झना गरिन्छ जसलेगर्दा उहाँको प्रेम र प्रतिष्ठामा अभिवृद्धि हुन्छ ।

२- यसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमका केही विशेषतालाई सुनिन्छ र उहाँको वंशको ज्ञान मिल्छ ।

३- मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको जन्ममाथि प्रसन्नता प्रकट गरिन्छ जुन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमसित प्रेम गर्नुको प्रमाण हो ।

४- यस उत्सवमा भोजन गराइन्छ र दान दिइन्छ जसलाई गरेर पुण्य मिल्छ र विशेषगरी जबकि यसलाई अल्लाहको कृतज्ञता प्रकट गर्नुको लागि गरियोस् ।

५- यस उत्सवमा कुरआनको पाठ गरिन्छ र रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि दरुद र सलाम पठाइन्छ ।

तर यी समस्त प्रमाणहरू सही र सत्यमा आधारित छैनन् जस्तोकि यसको अनुसंधान गर्दाखेरि जाहेर भइहाल्छ जुन निम्नमा वर्णन गरिन्छ :

**पहिलो प्रमाणको अनुसंधान** : यो प्रमाण तब प्रमाण सिद्ध हुन्सक्छ जब मुसलमान यस्तो होस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको सम्झना दिनमा कम्तीमा दश पटक नगरोस् यसर्थ उहाँको सम्झनाको वर्षमा एक पटक उत्सवको आवश्यकता होस् ताकि आफ्नो प्रिय सन्देष्टाको सम्झना गरोस् अनि यस कार्यद्वारा उहाँको प्रेममा अभिवृद्धि होस् ।

तर यहाँ त कुरो बेग्लै छ, किनकि मुसलमान त दिन रती उहाँको सम्झना गरिरहन्छ, यसर्थ जब एउटा मुसलमान नमाजको लागि अजान भन्छ वा अजानलाई सुन्दछ त उहाँमाथि दरुद सलाम पठाएर उहाँको सम्झना गर्छ । र नमाज अघि इकामतमा पनि उहाँको सम्झना गर्छ, र नमाज पढदा पनि उहाँमाथि सलाम पठाउँदा उहाँको सम्झना गर्छ । र यस बाहेक सामान्य कुराकानीमा पनि उहाँको नाम आउँदा उहाँको सम्झना गरेर उहाँमाथि सलाम पठाउँछ । अर्थात मुसलमान दिनरात उहाँको सम्झना नै गरिरहन्छ

। तसर्थ सम्भना गर्नुको लागि उत्सव त्यस व्यक्तिको गरिन्छ जसलाई बिर्सिसकिएको होस् तर यहाँ कुरो बेग्लै छ  मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको सम्भना नै सम्भना गरिन्छ त उहाँको सम्भनाको लागि यस्तो उत्सव मनाउनुको के तुक र के आवश्यकता ?

**दोस्रो प्रमाणको अनुसंधान** : नबी सल्लल्लाहो अलैहे वसल्लमको वंशज र उहाँका केही विशेषतालाई सुन्नुको लागि उत्सव गर्नु प्रयाप्त प्रमाण छैन किनकि उहाँको वंश र विशेषताहरूलाई मात्र वर्षमा एक पटक सुन्नु प्रयाप्त छैन किनकि यो त प्रत्येक मुसलमानको मूल आस्थाको अटूट अंग हो, किन भने प्रत्येक मुसलमान स्त्री पुरुषमाथि यो अनिवार्य छ कि त्यो उहाँ सल्लल्लाहो अलैहे वसल्लमका वंश र विशेषताहरूलाई त्यस्तै जानोस् जसरी अल्लाहका नाम र विशेषताहरूलाई जान्दछ । तसर्थ यो यस्तो कुरा हो जसको ज्ञान प्रत्येक मुसलमानलाई अति आवश्यक छ । यसलेगर्दा वर्षमा मात्र एक पटक सुन्नु प्रयाप्त छैन बरु दिनहूँ त्यसको ज्ञान प्राप्त गर्नु जरुरी छ यसर्थ वर्षमा मात्र एक पटक उत्सव गरेर यसको स्वाङ्ग रचाउनु अनावश्यक र अवैधानिक छ ।

**तेस्रो प्रमाणको अनुसंधान :** यो प्रमाण पनि अति कम्जोर र दुर्वल छ, किनकि यदि प्रसन्नता उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्मको छ भने मान्छेलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको बारेमा वर्णन आएमा वा उहाँ सल्लल्लाहो अलैहे वसल्लमको नाम आएमा प्रसन्न हुनुपर्छ । तर यदि प्रसन्नता त्यस दिनको छ जसदिन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्म भयो, त ज्ञात रहोस् कि त्यसै दिन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको स्वर्गबास पनि भएको छ जस दिन उहाँको जन्म भएको थियो, त त्यसै दिन कुनै पनि मुसलमानद्वारा उत्सव मनाउनु र प्रसन्नता प्रकट गर्नु दुर्भाग्यपूर्ण कुरो हो जसलाई कुनै आस्थावान मुसलमान मनपराउँदैन कि त्यसदिन प्रसन्नता प्रकट गरोस् जसदिन उसको प्रियतम् सन्देष्टाको स्वर्गबास भएको होस् । किनकि मृत्युको दिन स्वभाविक तौरले दु:ख प्रकट गरिन्छ नकि खुशी । र यो त्यो घटना हो जसको बारेमा सहाबाहरूले भनेका थिए कि जसमाथि पनि कुनै कष्ट परोस् त त्यो उहाँ सल्लल्लाहो अलैहे वसल्लमको मृत्युको घटनाको कष्टलाई सम्भना गरोस् । र प्राकृतिक तौरले मान्छे जन्म दिनमा प्रसन्न हुन्छ र मृत्युको दिन दुखी, त यिनीहरू

कुन मुखले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको निधनको दिन प्रसन्नता प्रकट गर्छन् ।

**चौथो प्रमाणको अनुसंधान :** यो प्रमाण सबैभन्दा कम्जोर छ किनकि खाना खुवाउनु र दान गर्नु त पूर्ण सालभरी चलिरहन्छ, यसको लागि वर्षको कुनै दिनलाई विशेष गर्नु जरुरी छैन नत यो वैधानिक नै छ, बरु यो एउटा नौलो कार्यको अविष्कार हो जसद्वारा सर्वसाधारणलाई पथभ्रमित गरिन्छ ।

**पाँचौं प्रमाणको अनुसंधान :** ठूलो स्वरमा र सामूहिक अन्दाजमा जिक्र र गुणगान एवं कुरआनको पाठन गर्नु र सामूहिक तरिकाले रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि सलाम पठाउने आयोजना गर्नु र त्यसको लागि कुनै दिन विशेष गर्नु र कुनै समारोह अथवा उत्सवको आयोजना गर्नु कुनै हदीसबाट प्रमाणित छैन । नत रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गर्नु भयो, नत उहाँका सदाचारी सहाबाहरूले नै यस्तो गर्नु भयो नत ताबईनहरूले नै यस्तो गरे । यसर्थ यस्तो उत्सव गरेर सामूहिक तरिकाले जिक्र गर्नु इस्लामीय दृष्टिकोणले अवैधानिक छ ।

त स्पष्ट यो भयो कि यस प्रकारका उत्सवहरूको आयोजना गर्नु अवैधानिक छ ।

र यी पाखण्डीहरू केही शंकास्पद र सन्देहजनक कुराहरू पनि गर्छन् जसद्वारा सर्वसाधारणलाई आफ्नो भ्रमको जालमा फंसाउँछन् जसमध्ये केही महत्वपूर्ण शंकास्पद कुराहरूलाई निम्नमा वर्णन गर्दछु :

**पहिलो शंकास्पद कुरा** : यस उत्सवलाई मनाउनेहरू भन्छन् कि इतिहासमा एउटा कथा वर्णन छ कि अबू लहबलाई सपनामा हेरियो कि त्यो नर्कको आगोको यातनामा छ र जब त्यसको अवस्थाको बारेमा सोधियो त त्यसले भन्यो कि मलाई आगोको यातना दिइन्छ, तर सोमवारको दिन मेरो यातनामा यसकारण अलि कमी गरिन्छ कि मैले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्मको अवसरमा आफ्नो दासी सोयबालाई उहाँलाई दूध खुवाएकोमा र उहाँको जन्मको शुभसमाचार सुनाएकोमा त्यसलाई स्वतन्त्र गरिदिएको थिएँ ।

त यो भ्रमित कुरा निम्नका कारणहरूको कारण निराधार छ :

---

अल् इन्साफ फीमा कीला फिल्मौलिद मिनल् गुलु वल्इहजाफ लिश्शैख अबूबक्र जाबिर अल्जजायरी

१- इस्लाममा विश्वास राख्नेहरूको यस कुरामा एकमत छ कि इस्लामीय शास्त्र कसैको सपनामाथि निर्भर हुँदैन नत त्यसद्वारा प्रमाणित हुन्छ यघपि सपना हेर्नेवाला व्यक्ति नितान्त सदाचारी र निष्ठावान किन नहोस् । मात्र सन्देष्टाहरूका सपनाहरू नै प्रमाण हुन्सक्छन् किनकि सन्देष्टाहरूका सपनाहरू वह्य ( प्रकाशना) हुन् ।

२- यस सपनालाई हेर्नेवाला हजरत अब्बास बिन अब्दुल् मुत्तलिब हुन्, र उहाँसित वर्णन गर्नेवाला व्यक्तिले माध्यमले वर्णन गरेको छ यसलेगर्दा यो हदीस मुर्सल छ, र यस प्रकारको मुर्सल हदीसबाट प्रमाण लिनु सही छैन । र यो कुरो पनि हर्ने र विचार योग्य छ कि कदाचित हजरत अब्बासले आफ्नो नास्तिकताको समयमा अर्थात इस्लाम कबूल गर्नुभन्दा पहिला नै यो सपना हेरेको हुन् यो सम्भावना छदैछ । र सबैको यसकुरामा एकमत छ कि काफिरको नास्तिकताको अवस्थामा हेरेको सपना प्रमाण योग्य छैन ।

३- मुसलमानहरूको यस कुरामा एकमत छ कि यदि काफिर आफ्नो नास्तिकताको अवस्थामा नै मरेछ भने त्यसलाई त्यसको राम्रो र सुकर्मको

पनि पुण्य र प्रतिफल प्राप्त हुनेछैन, र यो नै सत्य हो जस्तो कि अल्लाहको फर्मान छ :

﴿ وَقَدِمْنَآ إِلَىٰ مَا عَمِلُواْ مِنْ عَمَلٍ فَجَعَلْنَٰهُ هَبَآءً مَّنثُورًا ﴾ ٢٣ الفرقان: ٢٣

अर्थ : र उनीहरूले जे-जे कर्म गरेका थिए त्यसतर्फ ध्यानाकर्षण भएमा हामीले तिनलाई व्यर्थ बनाइदिनेछौं । ( सूरतुल् फुर्कान २३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أُوْلَٰٓئِكَ ٱلَّذِينَ كَفَرُواْ بِـَٔايَٰتِ رَبِّهِمْ وَلِقَآئِهِۦ فَحَبِطَتْ أَعْمَٰلُهُمْ فَلَا نُقِيمُ لَهُمْ يَوْمَ ٱلْقِيَٰمَةِ وَزْنًا ﴾ ١٠٥ الكهف: ١٠٥

अर्थ : यी तिनै मानिसहरू हुन्, जसले कि आफ्नो पालनकर्ताका आयतहरू र उसको साक्षात्कारलाई इन्कार गरे, तसर्थ तिनीहरूका कर्महरू खेर गइहाले, अतः कियामतको दिन हामीले तिनीहरूलाई कुनै वजन दिने छैनौं । ( सूरतुल् कहफ १०५ )

र जब हजरत आइशा रजिअल्लाहो अन्हाले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित अब्दुल्लाह बिन जदआनको बारेमा सोधिन् जुन हज्जको अवसरमा एक हजार ऊँट जब्ह गर्थ्यो, र एक हजार लुगा लगाउन दिन्थ्यो, र जसले हलफुल्

फुजूलको दिन आफ्नो घरमा भोजको आयोजना गरेको थियो, त भनिन् हे अल्लाहका रसूल के त्यसलाई त्यसका यी सुकार्यहरू लाभ पुऱ्याउँछन् ? त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि त्यसलाई लाभ पुऱ्याउँदैन । किनकि त्यसले कुनै दिन पनि यो भनेन कि हे मेरो प्रतिपालक मेरो पापलाई क्षमा गरिदेऊ । त यस उत्तरबाट यो प्रष्ट भयो कि यो सपना प्रमाणको लागि प्रयाप्त छैन तसर्थ यस सपनाद्वारा कुनै शंका र सन्देह उत्पन्न हुँदैन ।

४- अबू लहबले आफ्नो भतीजाको जन्ममाथि प्रसन्नता प्रकट गरेका थिए जुन स्वभाविक कुरो हो, पूजा होइन, किनकि प्रत्येक मनुष्य आफ्नो आफन्तीकहाँ शिशु जन्मेमा प्रसन्न हुन्छ यसर्थ प्रसन्नता अल्लाहको लागि नहोस् भने त्यसमा पूण्य मिल्दैन तसर्थ यस्तो स्वभाविक प्रसन्नतालाई विधानको दर्जा दिई त्यसको लागि यस प्रकार समारोह र उत्सवको आयोजना गर्नु पथभ्रष्टता हो ।

**दोस्रो शंकास्पद कुरा** : वर्णन गरिन्छ कि अकीकाको आदेश अवतरित भए पश्चात नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अकीका गर्नु भयो यद्यपि उहाँको बाजे अब्दुल मुत्तलिबले

उहाँको अकीका गर्नुभएको थियो ।[□] त यस दिवसलाई मनाउनेहरू भन्छन् कि अकीका दुई पटक गरिन्न यस कारण यो कुरो प्रमाण हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो जन्मको आभार प्रकट गर्नुको लागि यस्तो गर्नु भयो ।

त के यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको जन्मदिवसको लागि प्रमाण बनाउन सकिन्छ ?

यो प्रमाण यस कुरामा निर्भर छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो जन्मको आभार प्रकट गर्नुको लागि नै अकीका गर्नु भएको हो । तर यो मात्र काल्पनिक कुरा नै हो यसको कुनै ठोस प्रमाण छैन । यसर्थ काल्पनिक कुराद्वारा वैधानिक निर्देशनहरू प्रमाणित हुँदैनन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ ٱجْتَنِبُواْ كَثِيرًا مِّنَ ٱلظَّنِّ إِنَّ بَعْضَ ٱلظَّنِّ إِثْمٌ ﴾ الحجرات: ١٢

[□] इमाम सुयूतीले यसलाई तम्रीजको सेगासाथ वर्णन गर्नु भइको छ । अर्थात अस्त्य र अविश्वासनीय ठानेका छन् ।

अर्थ : हे ईमानवालाहरू ! धेरै शंका उपशंका गर्नबाट बच । किन भने केही शंका पाप हुन्छन् । ( सूरतुल् हुजुरात १२ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : " शंका उपशंका गर्नुबाट टाढा रहनु किनकि शंका गर्नु नै सर्वोत्कृष्ट झूट हो " । ( बुखारी , मुस्लिम )

र दोस्रो कुरो के छ भने के अनभिज्ञकालमा अकीका वैधानिक र प्रचलित थियो ? र उनीहरू अकीका गर्थे ? जसलेगर्दा हामी यो भन्न सकौं कि अब्दुल् मुत्तलिबले आफ्नो नातीको अकीका गरेका थिए ?

र के अनभिज्ञकालमा गरिएको अकिका र क्रियाकलाप इस्लाममा मान्य छन् ? र त्यसको कुनै स्थान छ कि त्यसको आधारमा हामी यो भन्न सकौं कि नबी सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो अकीका अल्लाहको आभार प्रकट गर्नुको लागि मात्र गरेका हुन् सुन्नतलाई पूर्ण गर्नुको लागि होइन ? तर यदि यो प्रमाणित पनि भइजाओस् तै पनि यो कसरी भन्न मिल्छ कि त्यसको सट्टामा उहाँको जन्म दिवस मनाइयोस् ? र यदि यो सत्य छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसतर्फ कसैलाई आह्वान किन गर्नु

भएन ? के तपाईले बिर्सनु भयो वा यसलाई लुकाउनु भयो ? पवित्र छन् अल्लाहका रसूल यस्ता मिथ्यारोपणहरूबाट र यस्ता अनभिज्ञतापूर्ण कुराहरूबाट । बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम नत बिर्सेका हुन् नत लुकाएका हुन् बरु यो यिनी मिथ्यावादीहरूको मिथ्यारोपण र पाखण्डहरू हुन् जसलाई यिनीहरूले अविष्कृत गरेका हुन् ।

**तेस्रो शंकास्पद कुरा** : सही हदीसमा वर्णन छ कि : आशूराको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमले उपवास बस्नु भयो, र अरुलाई यसको आदेश गर्नु भयो । र जब उहाँसित यसको बारेमा सोधियो त उहाँले भन्नु भयो : " यो एउटा राम्रो दिन हो , अल्लाहले यस दिन हजरत मूसा र बनी इस्राईललाई सफलता प्रदान गरेको थियो (अर्थात फिरऔनको दासत्वबाट स्वतन्त्रता प्रदान गरेको थियो) " ( बुखारी, मुस्लिम, इब्ने माजा ..आदि )

त यी पाखण्डीहरू भन्छन् कि जब नबी सल्लल्लाहो अलैहे वसल्लमले हजरत मूसा र बनी इस्राईलको सफलताको आभार प्रकट गर्ने उद्देश्यले व्रत बस्नु भयो र अरुलाई पनि उपवास बस्ने आदेश गर्नु भयो त हामीलाई पनि चाहियो

कि हामी पनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्मको दिन व्रत नबसिकन् खानपान गरेर प्रसन्नता प्रकट गरौं । त यो कस्तो उल्टो विचारधारा हो, यिनीलाई त यो चाहिए थियो कि त्यस दिन उपवास बसेर उहाँको सुन्नतलाई जीवित गरुन् जसरी कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भयो । तसर्थ व्रत नबसिकन् खानपान गरी र नाच गान गरी भोगविलास गर्नु कहाँको निसाफ हो ? र कुन आधारमा यस्तो गरिन्छ ?

सत्य त यो हो कि यी मूर्खहरूले नत उहाँको पद्धति अनुसार व्रत नै बस्छन् नत अल्लाहको आभार नै प्रकट गर्छन्, बरु आफ्नो हवसपूर्तिको लागि मात्र यो स्वाङ्ग रचाएका हुन्, त कसरी यस उत्सवमा अपव्यय तरिकाले धनलाई उडाउँछन् र अरुलाई कष्टमा पार्छन् ।

**चौथो शंकास्पद कुरा** : सही हदीसमा वर्णन छ कि: रसूल सल्लल्लाहो अलैहे वसल्लम सोमवार र विहीवारको दिन व्रत बस्थे कारण उहाँले बताउनु भयो कि सोमवारको दिन मलाई दूतत्वबाट सम्मानित गरियो, र विहीवारको दिन त्यो दिन हो जसदिन अल्लाह समक्ष सबैको क्रम प्रस्तुत गरिन्छ, यसर्थ म चाहन्छु कि मेरो क्रम

अल्लाहको दरबारमा यस अवस्थामा पेश गरियोस कि म व्रत बसेको होऊँ। ( तिर्मिजी, इब्ने माजा )

त यी पाखण्डीहरू यसै हदीसलाई प्रमाण बनाएर यो भन्छन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले सोमवारको दिन अर्थात आफ्नो जन्म दिनलाई प्रधानता दिनुभएको छ यसर्थ हामी यसै दिन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको जन्म उत्सव मनाउँछौं ।

तर यदि कोही व्यक्ति पनि उहाँको सुन्नतमाथि कार्य गर्न चाहोस् भने व्रत बसोस् जसरी उहाँले व्रत बस्नु भयो । तर यस दिन खानपान गर्नु, नाचगान गर्नु, र अमानवीय गतिविधिहरू गर्नु कदापि उचित छैन नत वैधानिक नै छ नत सुन्नत अनुकूल ।

र दोस्रो कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो जन्मको दिन व्रत बस्नु भएन जुनकि अधिकतम् धर्मशास्त्री र अनुसंधानकर्ताहरूको कथन बमोजिम ९ रबीउल् अव्वल वा केही इतिहासकारहरूको कथन बमोजिम १२ रबीउल् अव्वल हो, बरु उहाँ त प्रत्येक सोमवार व्रत बस्थे र सोमवारको दिन महिनामा कम्तीमा ४ पटक आउँछ । त यस

हदीसद्वारा मात्र १२ रबीउल् अव्वललाई विशेष गर्नु कहाँको बद्धिमानी हो ? र अरु बाँकी सोमवारहरूलाई छाडिदिनु कहाँको निसाफ हो ? र तेस्रो कुरो के छ भने सोमवारको दिन व्रत बस्दाखेरि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले कुनै उत्सव र समारोह गर्नु भएन त यो भव्य समारोह र उत्सव किन गरिन्छ ?

अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تُقَدِّمُواْ بَيۡنَ يَدَيِ ٱللَّهِ وَرَسُولِهِۦۖ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ سَمِيعٌ عَلِيمٞ ١ ﴾ الحجرات: ١

अर्थ : हे मोमिनहरू ! (धर्मको बारेमा) अल्लाह र उसका रसूल भन्दा अगाडि नबढ्नु र अल्लाहसित डर मानिराख । निश्चय नै अल्लाह सुन्दछन्, जान्दछन् । ( सूरतुल् हुजुरात १ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ धर्ममा नौलो कुरा अविष्कृत गर्नुबाट टाढा नै रहनु किनकि प्रत्येक नौलो अविष्कृत कुरा बिदअत हो र प्रत्येक बिदअत पथभ्रष्टता हो ” । ( मुस्लिम, इब्ने माजा )[1]

[1] अल् इन्साफ फीमा कीला फिल् मौलिदि मिनल् गुलू वल् इजहाफ लेखक शैख अबूबक्र जाबिर अल् जजायरी, केही संशोधनको साथ ।

र यसलाई बिदअत भन्ने विद् र धर्मशास्त्रीहरूका केही उक्तिहरू निम्नमा वर्णन गरिन्छ :

१- इमाम अहमद बसरी रहेमहुल्लाह आफ्नो किताब **कौलुम्मुअ्तमद**मा भन्नु हुन्छ :चारौं इमामहरूका समूहहरूका विद्हरू यसलाई घृणित कार्य भनेका छन् ।

२- इमाम इब्नुल् हाज्ज रहेमहुल्लाह आफ्नो किताब **अल्मदखल**मा भन्नुहुन्छ: यो दिवस बिदअत र अवैधानिक कार्यहरूमा आधारित छ ।

३- अल्लामा अलाउद्दीन आफ्नो किताब **शरहुल् बअ्से वन्नुशूर**मा भन्नुहुन्छ: नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्मदिवस मनाउनु बिदअत हो, र यसलाई मनाउनेहरू घृण योग्य छन् ।

४- हाफिज अबूबक्र बग्दादी हन्फी भन्छन्: नबी सल्लल्लाहो अलैहे वसल्लमको जन्मदिवस मनाउनु हामीहरूका सुमार्गीय पूर्वजहरूसित वर्णित छैन, र त्यस कार्यमा कुनै भलाई छैन जुन उनीसित वर्णित नहोस् ।

५- शैख ताजुद्दीन फाकेहानी आफ्नो किताबमा लेख्नुहुन्छ: यो उत्सव बिदअत हो जसलाई पथभ्रमितहरूले अविष्कार गरेका हुन् ।

६- **तुहफतुल् कुजात**मा उल्लेख छ कि : यस उत्सवलाई मनाइदैन किनकि यो बिदअत हो, र

प्रत्येक बिदअत पथभ्रष्टता हो, र प्रत्येक पथभ्रष्टता नर्क सम्म पु¥याउनेवाला हो ।

७- मुजद्दिद अल्फे सानी आफ्नो २७३ नम्बरको लेखमा लेख्छन् कि: रसूल सल्लल्लाहो अलैहे वसल्लम यदि यस युगमा जीवित भएको भए यस जन्म उत्सवलाई कदापि मनपराउँदैन्थे बरु यसबाट रोकिदिन्थे ।

८- शाह अब्दुल् अजीज मुहद्दिस देहलवीको आफ्नो किताब **तुह्फतु इस्ना अशरीया**मा भनाई छ : कुनै नबीको जन्म वा मृत्युको दिन उत्सव मनाउनु अवैधानिक छ ।

९- मौलाना रशीद अहमद गंगोही **फतावा मौलूद र उर्समा** भन्नुहुन्छ : मीलादको उत्सव मनाउनु अवैध छ, र यसमा सहभागी हुनु पाप छ ।

१०- मौलाना अश्रफ अली थान्वी आफ्नो प्रख्यात पुस्तक **बहिश्ती जेवर**मा भन्नुहन्छः वर्तमानमा प्रचलित जन्म उत्सव मनाउनु अवैध छ ।[]

११- शैख मुहम्मद बिन सालेह अल् उसैमीन आफ्नो लेख **हुकमुल् एहतेफाल बिल् मौलिदिन्नब्वी**मा यसै सम्बन्धी प्रश्नको उत्तरमा

---

[] मेअ्यारे इस्लाम पे. ६१,६२ ।

भन्नुहुन्छः पहिलो कुरो के छ भने रसूल सल्लल्लाहो अलैहे वसल्लमको जन्मको रात्री ठोकुवा र किटान थाहा छैन, किनकि धेरै अनुसंधानकर्ताहरूको भनाई छ कि त्यो ९ रबीउल् अव्वलको रात्री हो र १२ रबीउल् अव्वलको रात्री त्यो रात्री होइन। त १२ रबीउल् अव्वल्को रात्रीमा उत्सव मनाउनुको कुनै तुक नै छैन..... । र दोस्रो कुरो के छ भने यसको कुनै वैधानिक हैसियत छैन किनकि नत यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले मनाउनु भयो नत यसको आदेश नै गर्नु भयो, र यो उत्सव यदि इस्लाम धर्ममध्येको भएको भए रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा अवश्य यसको आयोजना गरिन्थ्यो, किनकि इस्लाम उहाँको जीवनकालमा नै पूर्ण भइसकेको थियो। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِى

وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًا ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रालागि आफ्ना अनुकम्पाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौं। ( सूरतुल् माइदा ३ )

त यसलाई इस्लाम धर्मबाट मान्नु कुरआनलाई झूठा अथवा रसूललाई झूठा मान्नु हो, ... ।[□]

त हे प्रिय भाइ ! मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हामीहरूका प्रियतम् सन्देष्टा समस्त मानवजाति भन्दा उत्कृष्ट छन्, र उहाँ नै हुन् जहाँलाई मात्र एक रात्रीमा सातौं आकाश र बैतुल मुकद्दसको यात्रा गराइयो, र उहाँ नै हुन् जुन समस्त सन्देष्टाहरूका नायक एवं समापक हुन्, र उहाँलाई नै समस्त सन्देष्टाहरूको इमामत गर्ने सौभाग्य प्रदान गरियो ।

तसर्थ उहाँसित प्रेम गर्नु, उहाँको अनुशरण गर्नु सबै मुसलमानहरू माथि विशेषरूपले र समस्त मानवगणमाथि सामान्यतया अनिवार्य छ, । त उहाँको अनुशरण गर्नु समस्त मुसलमानमाथि अनिवार्य गरियो, र उहाँको अवज्ञा गर्नु निषेधित गरियो र उहाँको आज्ञापालन गर्नेहरूको लागि स्वर्गीय हुनुको शुभ सन्देश दिइयो र उहाँको अवज्ञा गर्नेहरूलाई यातना दिने चेतावनी दिइयो । यसर्थ उहाँले गरेका र भनेका कार्यहरूलाई गर्नु जरुरी छ, र उहाँले मनाही गरेका, वा नगरेका कार्यहरूबाट टाढा रहनु आवश्यक छ ।

---

□ हुक्मुल् एहतेफाल बिल् मौलुदिन्नब्वी लिश्शैख मुहम्मद बिन सालेह अल् उसैमीन ।

त यो जन्म दिवस नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमले मनाउनु भयो नत उहाँका सुमार्गीय निष्ठावान सहाबाहरूले नै मनाए नत ताबईनहरू र इमामहरूले नै मनाए। त यो कार्य अवैधानिक छ किनकि जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका सहाबाहरूले मनाएनन् त्यो वैधानिक कसरी हुन्सक्छ ?

र यो दिन उहाँका साथीहरू र इस्लामका प्रसिद्ध महान पुरुष र विद् र धर्मात्माहरूको जीवनमा अनेकौं पटक आयो तर उनीहरूले यसलाई मनाएनन् जसको विवरण निम्नमा छ :

हजरत अबू बक्रको शासनकालमा यो दिन २ पटक आयो, र हजरत उमरको शासनकालमा १० पटक, र हजरत उस्मानको शासनकालमा १२ पटक, र हजरत अलीको शासनकालमा ५ पटक, र हजरत मुआवियाको शासनकालमा १९ पटक, र इमाम अबू हनीफाको जीवनमा ४७ पटक, र इमाम शाफईको जीवनमा ५५ पटक, र इमाम अहमद बिन हम्बलको जीवनमा ३८ पटक, र अब्दुल कादिर जीलानीको जीवनमा ६५ पटक, र सुल्तान बाहुको कालमा ६७ पटक आयो

।□ तर यी सबैले यस बिदअतलाई मनाएनन् । त के यी सबै सत्यनिष्ठहरू पथभ्रमित थिए वा यसलाई मनाउनेवालाहरू पथभ्रमित छन् आफै फैसला र निसाफ गर्नुस् ।

हे भाइ ! यो धर्म परिपूर्ण छ, यसमा थपघट गर्ने कुनै सम्भावना छैन । त जसले पथभ्रष्टता अपनाउँछ त्यो आफूलाई नै हानिमा पार्नेछ, र जसले सुमार्गलाई चयन गर्छ त्यो आफूलाई नै लाभान्वित गर्छ ।

यसर्थ हे भाइ ! पाखण्डीहरूको फकाईमा न आउनुहोला, र त्यही कार्य गर्नुहोला जसलाई हाम्रा प्रियतम् सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भएको छ वा जसलाई गर्ने आदेश गर्नु भएको छ । र उहाँको अवज्ञा गरी आफूलाई अल्लाहको प्रकोपको पात्र नबनाउनु होला, बरु स्वयम् आफुलाई र आफ्नो घरपरिवारलाई नर्कको आगोबाट सुरक्षित राख्नुहोला । अल्लाहको फर्मान छ :

---

□ यो वर्षहरुकमे गणनामा केही यताउता पनि हुन्सक्छ, यो आँकलन मैले जमअीतुल् बिर्र अल् खैरीया संस्थाले गरेको आँकलनबाट लिएको छु जुन संस्थालाई मक्कामा स्थित उम्मुल् कुरा विश्वविद्यालयका विद्यार्थीहरु प्रचलित गरेका छन् र आज पनि प्रचलित नै छ ।

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । ( सूरतुत्तहरीम ६ )

यसर्थ आफूलाई यस्ता खालका बिदअतहरूबाट र भ्रमजालहरूबाट जोगाउनु होला यो नै तपाईहरूसित मेरो निवेदन र आग्रह छ । अल्लाह हामी सबैलाई यस्ता अवैधानिक क्रियाकलापहरूबाट जोगाओस् र यस्ता भ्रमित पाखण्डीहरूको पाखण्डबाट जोगाआस् र यस्ता उत्सवहरूबाट र अविष्कृत नौलो कार्यहरूबाट बचाओस्, आमीन ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई धर्म इस्लामलाई पूर्णरूपले स्वीकार गर्ने

सौभाग्य प्रदान गरुन् । र त्यसका समस्त निर्देशनहरूलाई अपनाई त्यसबाट लाभान्वित हुने सुअवसर प्रदान गरुन् । र हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# *समाप्त*


*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780-9727649238
00966-0501372254
Email-
atiqkhannp1982@yahoo.com